# वर्तमान परिवेशमा अझै अभिभावक शिक्षाको महत्व बढेको सन्दर्भमा गरिएको भागेश्वर आधारभुत विद्यालयको अभिभावक अभिमुखिकरणको प्रतिवेदन

भागेश्वर आधारभुत विद्यालय भागेश्वर गा पा ३ सतिगाउँ, डडेल्धुरा ।

कार्यक्षेत्र भागेश्वर ३

अभिभावक अभिमुखिकरण मिति २०८१-२-३०

अभिभावक अभिमुखिरकण :- अभिभावक, शिक्षक र विद्यार्थिहरुको आवाजहरुको अभिलेखिकरण प्रतिवेदन, अन्तरवार्ता लगायतका समस्याहरुमा माथिको छलफलबाट पारिएको प्रतिवेदन

मिति २०८१ जेष्ठ ३० गते

अभिमुखिकरणमा सहभागी :-

**गाउ पालिका अध्यक्ष श्री हेम राज चटौत**

**प्रमुख प्रशासकीय अधिकृत श्री खगेन्द्र भारती**

**शिक्षा अधिकृत श्री गणेश वहादुर पौडेल**

**सामाजिक विकास सयोजक श्री डम्वर राज जोशी**

**कार्यपालिका सदस्य श्री रमेशराम लुहार**

**प्रा स श्री मीन वहादुर खडका**

**वडा सदस्य श्री वीरभान सिह रावल**

**वडा सदस्य श्री निलकण्ठ भट्ट**

**वडा सदस्य श्री माया भट्ट**

**पोषण सहजकर्ता श्री खगेन्द्र गिरी**

विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु

प्र अ हरु

अभिभावकहरु

शिक्षकहरु

विद्यार्थीहरु

परिचय :

जीवनशैलीमा आएको तीव्र प्रतिस्पर्धाका कारण मानवीय जीवनशैली व्यस्त बन्दै जाँदा बालबालिकाहरुतर्फ उचित ध्यान दिन सकिएन। धनी बन्ने अस्वस्थ प्रतिस्पर्धाले पैसा प्रास भयो, नैतिकता गुम्यो। दुःखले सुख खोज्यो, सुखले काल खोज्यो भने झैं भौतिक सुख सुविधाले वयस्क र बालबालिकाहरुमा समेत अराजकता बढ्दै जाँदा अभिभावक शिक्षा अवधारणाको आवश्यकता परेको हो।

प्रमुख प्रशासकीय अधिकृत

अभिभावक शिक्षाले कुनै व्यक्तिमा अभिभावकत्व निर्वाह गर्नेसम्बन्धी सीपको विकास गर्दछ। अभिभावकलाई आवश्यक ज्ञान तथा शिक्षा दिई बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउन दिइने शिक्षालाई अभिभावक शिक्षा भन्न सकिन्छ।

अभिभावक अशिक्षित भइदिँदा बालबालिकाहरूको उमेरजन्य परिवर्तन र त्यसले सिकाइमा पार्ने सकारात्मक/नकारात्मक प्रभावका बारेमा उनीहरू अनभिज्ञ हुन पुग्छन्। यस्तो अवस्थामा बालबालिकाहरूले पाउनु पर्ने उचित सल्लाह एवम् मार्गदर्शन पनि पाउन सक्दैनन्। यस अर्थमा अभिभावकहरुलाई पनि समयानुसारको शिक्षा प्रदान गर्दै जान आवश्यक देखिन्छ।

अभिभावक शिक्षित भए भने मात्र परिवारका सबै सदस्यहरूले समुचित रूपमा शिक्षाको अवसर प्राप्त गर्न सक्छन् भन्ने मान्यताका आधारमा अभिभावक शिक्षाको अवधारणा आएको हो। बालबालिकाहरूको स्वास्थ्य, शिक्षा एवम् वैयक्तिक रुचि तथा चाहनाहरूलाई सही ढङ्गले पहिचान गरी उनीहरूलाई सही मार्गदर्शन दिन अभिभावक स्वयम् शिक्षित एवम् सचेत हुन आवश्यक हुन्छ भन्ने अवधारणाको पृष्ठभूमिमा अभिभावकलाई बालबालिका प्रति शिक्षा सम्बन्धी ज्ञान दिन उपयोग गरिने शिक्षा अभिभावक शिक्षा हो।

**भागेश्वर आधारभुत विद्यालय सतिगाउँ को परिचय :**

भागेश्वर आधारभुत विद्यालयको स्थापना वि स २०१९ कक्षा ६ देखि पढाई वि सं २०५४ शुरु भएको हाल कक्षा ८ सम्म पढाई शुरु भएको छ ।

२०८१ को विद्यार्थिहरुको विवरण

| कक्षा | छात्र | छात्रा | कुल जम्मा |
|---|---|---|---|
| वाल विकास कक्षा | २ | ५ | ७ |
| १ | १ | | १ |
| २ | १ | २ | ३ |
| ३ | १ | १ | २ |
| ४ | ० | ० | ० |
| ५ | २ | २ | ४ |
| ६ | २ | २ | ४ |
| ७ | १ | २ | ३ |
| ८ | ३ | ७ | १० |
| कुल जम्मा | १३ | २१ | ३४ |

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री गणेश प्रसाद भट्ट

शिक्षक अभिभावक सघ अध्यक्ष श्री महेश भट्ट

शिक्षकहरुको नामावली

प्र. अ. श्री आशिष भाट

प्रमुख प्रशासकीय अधिकृत

शिक्षक श्री खगराज चटौत
शिक्षक श्री लाल वहादुर चौधरी
शिक्षक श्री श्याम वहादुर चौधरी
राहत शिक्षक श्री सरस्वती कुमारी भट्ट
स्वय सेवक शिक्षक श्री शान्ति कुमारी भट्ट
वाल विकास सहजकर्ता श्री अनिता देवि भट्ट
विद्यालय सहयोगी श्री रामचन्द भट्ट

अभिभावक शिक्षाले अभिभावकहरूमा आफ्ना बच्चाहरूको पोषण, खानपिन, सरसफाई, सुरक्षासम्बन्धी सीपको अभिवृद्धि गर्दछ। यस्तो शिक्षाका माध्यमबाट बच्चाहरूमा सामूहिक तथा व्यवहारजन्य सीप विकास गर्न सकिन्छ। अभिभावक शिक्षाले सम्पूर्ण बच्चाका अभिभावकलाई बालविकासका बहुआयामिक पक्षहरूसँग जोडिदिन्छ।

उनीहरू आफ्ना बच्चालाई कसरी सक्षम र योग्य नागरिक बनाउन सकिन्छ भन्ने सम्बन्धी खुलेर अन्तरसंवाद गर्न सक्छन्। अभिभावक शिक्षा वहुआयामिक विषयवस्तु भएकाले यसले बच्चा, अभिभावक, समुदाय सबैको सीप, योग्यता, क्षमता र आय आर्जन लगायतका सम्पूर्ण पक्षहरूमा सहयोग गर्ने भएकाले वर्तमान समयमा यसको आवश्यकता बढ्दै गएको हो। यस कारण भागेश्वर गाउँपालिकाले अभिभावकहरुसंग छलफल अगाडि बढाएको छ ।

यसले अभिभावकहरुको सल्लाहलाई विनिमय गर्दछ। संवेगात्मक सहायता प्रदान गर्दछ। स्रोत र साधनको बाँडफाँड गर्दछ। अभिभावकमा यी उल्लिखित सीप र सक्षमता विकास गर्न दिइने शिक्षा नै खासमा अभिभावक शिक्षा हो। तर, नेपालका सामुदायिक विद्यालयमा पढ्ने अधिकत्तम बालबालिकाहरुका अभिभावकहरुमा अभिभावक शिक्षा सम्बन्धी समुचित जानकारी पाइँदैन। सवैथोक शिक्षकलाई सुम्पने गरेको पाईन्छ । शिक्षक पठनपाठन भन्दा वढी अन्य कुरामा सक्रिय भएको पाईन्छ ।

सरकारी एवम् गैरसरकारी निकायहरुले पनि अभिभावक शिक्षा सम्बन्धी प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्न सकिरहेको अवस्था छैन। यसो हुँदा बालबालिकाहरुले परिवारबाट पाउनुपर्ने माया, सहयोग र सद्भाव पनि पाउन सकिरहेको देखिँदैन। अभिभावकीय अपेक्षा र सिकारुको रुचि बीच सन्तुलन कायम गर्न पनि हामीले अभिभावक शिक्षाको समुचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

अभिभावक शिक्षाले अभिभावक स्वयमको प्रवृत्ति, मनोवृत्ति र दृष्टिकोण परिवर्तन गरी बच्चाहरूको भावी जीवनका लागि उपयोग गर्न सहयोग गर्दछ। यसले व्यवस्थित, सन्तुलित र सभ्य परिवारको निर्माण गर्ने भएकाले वर्तमानमा अभिभावक शिक्षाको सर्वोपरी आवश्यकता देखिन्छ।

निजी शिक्षामा गरिब र आधारभूत नागरिकको पहुँच कठिन भएको तथा राष्ट्रियताको सवालमा बेवास्ता गरी विदेशी मोहलाई अझ बढाइदिएको भनेर तीव्र आलोचना भइरहेको वर्तमान सन्दर्भमा हाम्रो जस्तो विकासोन्मुख देशमा अभिभावक शिक्षामार्फत सामुदायिक विद्यालयको विकास र स्तरोन्नतिमा क्रियाशील हुन आवश्यक देखिएको

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेलौली, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

छ र, सामुदायिक शिक्षालाई भरपर्दो र दिगो बनाउन यसमा अभिभावकको संलग्नता बढाउन पनि आवश्यक देखिन्छ। अभिभावक शिक्षा नै अभिभावकको सामुदायिक विद्यालयमा संलग्नता बढाउने एक सहज र उपयुक्त विकल्प हो।

औपचारिक विद्यालय पद्धतिको प्रारम्भिक चरणमा अभिभावकलाई लगानी प्रकृयासँग आवद्ध गरियो। यस प्रकृयाअन्तर्गत प्रत्यक्ष लगानी विना शिक्षा प्रभावहीन हुने मानियो। विद्यालयमा पढ्ने विद्यार्थीका अभिभावकसँग स्कुल फी लगायतका शैक्षिक शुल्क उठाउने गरिएको थियो। अभिभावकहरुसँगको लगानीमूलक शैक्षिक गतिविधि निःशुल्कभन्दा अझ बढी प्रभावकारी देखिएको पनि हो।

नेपालको सन्दर्भमा भन्ने हो भने प्रजातन्त्रको पूनःप्राप्ति तथा लोकतन्त्रको प्राप्तिपछि समावेशीकरण, सामाजिक न्याय, गरिबका लागि शिक्षा, पछाडि परेकालाई पहिलो प्राथमिकता जस्ता अवधारणाहरू घनिभूत रूपमा उठ्न थाले। उठाउन थालिए। संविधान, ऐन कानुन परिमार्जन गरी निःशुल्क शिक्षा, शिक्षामा समावेशीकरण, शिक्षामा सामाजिक न्यायको प्रत्याभूति, लैंगिक समता जस्ता व्यवस्था लागु भए।

यसले अभिभावकको विद्यालय शिक्षाप्रतिको सोच र चिन्तनमा पनि सकारात्मक परिवर्तनको संकेत देखा पर्न थाल्यो। विद्यालय व्यवस्थापन समितिको अवधारणा, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण, उपलब्धि, सार्वजनिक लेखा परीक्षण लगायतका आधुनिक शैक्षणिक प्रविधिको प्रयोग शैक्षणिक प्रकृयामा प्रयोग हुँदै आए पनि अपेक्षित रुपमा प्रभावकारी बन्न सकिरहेको छैन।

संघीय संरचनासँगै विद्यालयीय शिक्षामा स्थानीय तहको स्वामित्व निर्धारण गरी शैक्षिक योजना र व्यवस्थापनमा स्थानीय तहलाई नै परिचालन गर्ने प्रयास गरिएको छ। यसबाट शिक्षामा अभिभावकीय संलग्नताको अवसरलाई अलि सजिलो बनाएको पनि महशुस गरिएको छ।

बालबालिकाको सिकाइका लागि घर परिवारको कृयाकलापले प्रत्यक्ष प्रभाव पारेको हुन्छ। कुनै पनि आमाबाबुले आफ्ना छोराछोरीलाई राम्रो बनाउन प्रयास गरेका हुन्छन्। तर अभिभावकीय दायित्व तथा बालमनोविज्ञानका बारेमा अभिभावकहरुमा ज्ञानको कमीले गर्दा अपेक्षाकृत नतिजा नपाउने परिवार पनि यस समाजमा पाइन्छन। बालविकासका लागि अभिभावकले साना साना कुराहरुमा ध्यान दिने र उनीहरूलाई पनि प्राथमिकता दिएर स्याहारसुसार गरेको खण्डमा बालबालिकाले धेरै कुराहरू सिक्न सक्छन्। जिज्ञासाहरू र काम गर्ने चाहनाले गर्दा साना बालबालिकाहरु छुकछुके, चकचके जस्तो देखिन्छन् तर त्यसबाट उनीहरुले दैनिक व्यवहारमा आइपर्ने कामहरू सिकिरहेका हुन्छन्। शिक्षामा अभिभावकको सार्थक संलग्नतालाई बढाउन अभिभावक शिक्षाको अहम् भूमिका रहेको हुन्छ।

बालबालिकाको उत्सुकता र आवश्यकतालाई अभिभावकहरुले सही सम्बोधन गर्न सक्दामात्र उनीहरुको आत्मविश्वास र आत्मसम्मान बढ्छ। शिक्षित अभिभावकहरुले स्वभावले नै आफ्ना बालबालिकाहरुको मनोविज्ञान बुझेर सोही अनुरुप मार्गदर्शन गर्न सक्छन्। अगाडी वढाइएको छ ।

बालबालिकाहरुलाई उनीहरुको रुचि, चाहना, आवश्यकता र क्षमताको आधारमा उचित मार्गदर्शन दिन विद्यालय र शिक्षकको भन्दा पनि अभिभावकको भूमिका अझै महत्वपूर्ण हुने भएकोले पनि अभिभावक शिक्षाको आवश्यकता झनै बढेर गएको हो। अभिभावक शिक्षालाई विद्यालयीय शिक्षाकै एक अभिन्न संयन्त्रको रुपमा विकास गर्न सके मात्र यस गाउँपालिकाको शिक्षा प्रणाली सुधार हुने कुरामा दुईमत नहुन सक्छ।

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## विद्यालय अभिभावक शिक्षाका अवसरहरू

- विद्यार्थीको सिकाइ र समग्र विकासका लागि परिवारको पृष्ठभूमि तथा अभिभावकको संलग्नताले ज्यादै महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । विद्यालय छनोट देखि नै परिवारको भूमिका महत्वपूर्ण हुन्छ । त्यस्तै, घरमा दिइने वातावरण, प्रोत्साहन, सहयोग आदिको सिकाइमा प्रभाव रहने विषय हो । (Socio Economic Status) को फरकलाई केलाउनुपर्छ ।

- बच्चाको परिवारको सामाजिक-आर्थिक अवस्था (Socio Economic Status) को फरकलाई केलाउनुपर्छ । बच्चाको परिवारको सामाजिक-आर्थिक अवस्था अनुसार सिकाइ उपलब्धि फरक पर्छ । अर्थात् विद्यार्थी जस्तो परिवारको सामाजिक आर्थिक अवस्था अनुसार सिकाइ उपलब्धि फरक पर्छ । अर्थात् विद्यार्थी जस्तो परिवेशबाट आउँछ, नतीजा त्यस्तै हुन्छ ।

- पारिवारिक पृष्ठभूमिलाई यति धेरै महत्व दिइयो कि स्कूलभित्र गरिने समग्र प्रयासभन्दा पनि यो एउटै पाटो भारी भन्ने ढङ्गले प्रस्तुत भयो । त्यसो भए विद्यार्थीको सिकाइ र विद्यालय विकासका निम्ति पाठ्यक्रम, तालीम, शिक्षण–प्रविधि र व्यवस्थापनका क्षेत्रमा सुधारका लागि गरिने प्रयत्नहरू निरर्थक हुन् त भन्ने प्रश्न उठ्नु स्वाभाविक थियो । पारिवारिक पृष्ठभूमि मात्र होइन; विद्यालयले गर्ने नियोजित प्रयत्न, उसका रणनीति र समग्र अभ्यासले विद्यार्थीको सिकाइ उपलब्धिमा फरक पार्छ भन्ने निष्कर्ष धेरै वटा अध्ययनले देखाएको छ ।यस्ता अध्ययनले उस्तै परिस्थितिमा रहेका, उस्तै उस्तै विद्यार्थी चरित्र भएका विद्यालयहरूबीच उपलब्धिमा किन फरक हुन्छ ? कुनै विद्यालय– कुनै अर्को विद्यालयभन्दा किन स्पष्ट रूपमा सफल देखिन्छ– त्यस्तो सफल देखिन त्यस्तो विद्यालयले के के गर्दोरहेछ भनेर खोजी गर्नेतिर ध्यान केन्द्रित गरे भागेश्वर गाउपालिकाले अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

- स्पष्ट दूरदृष्टि (भिजन) यसले विद्यालयको प्राथमिकता निश्चित गर्दो रहेछ र हरेक निर्णयका लागि आधार प्रदान गर्दोरहेछ । साथै विद्यालय परिवारका हरेक सदस्यलाई साझ उद्देश्यमा आवद्ध गर्न पनि सहयोग गर्दोरहेकोछ ।
- सुरक्षित र भरपर्दो वातावरणः प्रभावकारी विद्यालयको अर्को चिनारी हुँदोरहेछ-मुख्य कार्यमा (पठनपाठन) बाधा हुनसक्ने सम्भावनालाई न्यूनतम हदसम्म सीमित गर्ने; हरेक कार्यका निम्ति जिम्मेवारी तोक्ने; आपसी सम्बन्ध र व्यवहार समेत पूर्व निर्धारण गरिए अनुरुप हुने; फलस्वरुप, आपसमा झगडा, बेमेलका कारणबाट मुख्य कार्यमा बाधा पर्ने सम्भावना न्यून रहने हुदा अभिभावक अभिमुखिकरण महत्वपूर्ण रहि आएको छ ।
- सिकाइ उपलब्धिमा जोडः विद्यालयका हरेक महत्वपूर्ण निर्णयले सिकाइ उपलब्धि सुधार गर्न सहयो गर्छ, गर्दैन वा कति मात्रामा सहयोग गर्छ भनेर हेर्ने अभ्यासले हरेक निर्णयको केन्द्रमा 'सिकाइ–सुधारक उद्देश्य रहने गरेको देखिन्छ । यसबाट उद्देश्यमा एकत्व (unity of purpose) को अवधारणा अनुस सबैको प्रयत्नमा समन्वय गर्ने आधार प्राप्त हुने रहेछ ।

प्रमुख प्रशासकीय अधिकृत

विद्यालयको प्रभावकारिताको निम्ति प्रअको भूमिका महत्वपूर्ण हुन्छ ।

- प्रअबाट शैक्षणिक नेतृत्व: विद्यालयको प्रभावकारिताको निम्ति प्रअको भूमिका महत्वपूर्ण हुन्छ । प्रअबाट शैक्षणिक नेतृत्व: सिकाइको केन्द्रीय प्रक्रियालाई प्रभावित गर्ने सन्दर्भमा प्रअबाट प्रदान हुने नेतृत्वलाई विशेष महत्व पाइन्छ ।



- उपलब्धिको निरन्तर मूल्याङ्कन: प्रभावकारिताको कारण र रहस्य खोज्दै जाँदा विद्यार्थी उपलब्धिको निरन्तर मूल्याङ्कन, विद्यार्थीको सिकाइ अवस्था अनुसार शिक्षण र सिकाइ पद्धतिमा सुधार गर्ने प्रयत्न प्राय: राम्रा विद्यालयहरूमा भेटीन्छ। शिक्षण सिकाइको निम्ति सचेत प्रयत्नमा लाग्ने क्रममा यी विद्यालयले विद्यार्थी सिकाइको निम्ति जिम्मेवारी स्वीकार गर्नु आफैंमा महत्वपूर्ण रहन्छ ।
- परिवारसँग दरिलो सम्बन्ध र संलग्नता: विद्यार्थीका बारे जानकारी प्राप्त गर्न, घरमा सिकाइको निम्ति उचित वातावरण सिर्जना गर्न तथा सिकाइमा सहयोग उपलब्ध गराउनका लागि परिवारको विशेष भूमिका देखिन्छ यस्ता प्रभावकारी भनेर चिनिएका विद्यालयले परिवारसँग कसिलो सम्बन्ध स्थापना गर्न र परिवारको संलग्नता प्रवद्र्धन गर्न सचेत प्रयत्न गर्दा रहेछन् ।

## चुनौतीहरू

- विद्यालयमा अभिभावकहरुको सहभागितामा वृहद् जनचेतना अभियान सञ्चालन गरिनु पर्ने ।
- विद्यालयहरूमा पठन पाठनमा अवरोध न्युनीकरण गर्ने वातावरण सिर्जना गर्न उत्प्रेरणामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- अभिभावक शिक्षा, यसको महत्व र यसका फाइदाहरूका बारेमा अभिभावक, विद्यार्थि र शिक्षकलाई जानकारी गराउने, अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विद्यार्थिले सहपाठी सहयोग र सिकाइ आदान-प्रदानका फाइदाहरू सुझाउने र उत्प्रेरण जगाउने कार्यक्रमहरू विद्यालयहरूले सञ्चालन गर्नु पर्ने ।

## वर्तमान समस्या र चुनौती


- विद्यालयको भौतिक संरचनाहरुमा बालबालिका मैत्री अनुकूल नरहेको विद्यालय घेरवार नभएको।
- विद्यालयमा गरिने शिक्षण-सिकाइ तथा अभ्यास लगायतका क्रियाकलाप बाल मैत्री र अपाङ्गता भएका बालबालिका अनुकूल नरहेको ।
- सहपाठी सिकाइ तथा सहायता आदान-प्रदानको संस्कृतिलाई विद्यालयले प्रोत्साहन गर्ने कार्यक्रमहरू ल्याउन नसकेको ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक समिति तथा स्थानीय शिक्षाप्रेमी, नागरिक समाजले विद्यालय शिक्षामा चासो र सकारात्मक सहायता उपलब्ध गराउने नगरेको ।
- कक्षाहरुमा तालिमप्राप्त सीपयुक्त शिक्षक प्राप्त मात्रमा नरहेको ।
- कक्षामा नबुझेका विषयवस्तु छलफल गर्ने, होमवर्क गराउने, विभिन्न विधि र प्रविधि प्रयोग गरी तुलनात्मकरूपमा कमजोर विद्यार्थीलाई सहायता उपलब्ध गराउने परिपाटी विद्यालयहरुमा नरहेको ।

प्रमुख प्रशासकीय अधिकृत

- शिक्षकमार्फत विषयवस्तुलाई सरलीकरण गर्न, धारणात्मक ज्ञान दिन सहायता उपलब्ध गराउने परिपाटी नरहेको ।
- विद्यालयमा बालबालिकाको शिक्षामा रहेका चुनौतीहरू पञ्छाउन खोज, अध्ययन-अनुसन्धान र प्राप्त दक्ष जनशक्तिको पहिचान र परिचालन गर्ने कार्यमा शिक्षासँग सरोकारवालाहरुको चासो नरहेको ।
- अभिभवकहरुमा आफ्ना बालबालिका प्रति अरु राम्रा बालबालिकाले जस्तै पढ्न, सिक्न र जीवनमा प्रगति गर्न सक्छन् भन्ने विश्वासको कमी रहेको अथवा आशा-आकाङ्क्षा ग्रामीण अभिभावकहरुमा कमी रहेको ।
- अभिभावकहरुमा उत्साह, प्रोत्साहन तथा समय र स्रोतको लगानी गर्ने आकाङ्क्षा नरहेको ।
- अभिभावकहरुमा शिक्षामा लगानी गर्ने वानीको विकास नभएको देखिन्छ ।
- स्थानीय सरकारले शिक्षामा लगानी वढाउने वातावरण सिर्जना गर्न नसकेको देखिन्छ ।
- कर्तव्य नगर्ने दोष अरुमाथि लगाउने प्रवृतिको विकास भएको ।

प्रमुख प्रशासकीय अधिकृत


भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल






प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश, नेपाल



प्रशासकीय अधिकृत


Goat
Sheep
Horse
Dog
Cow
Buffalo
श्री भागेश्वर आधारभुत विद्यालय सतिगाँउ
भागेश्वर-३, डडेल्धुरा